ढकारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**ढकारी,अछाम**
**सूदूरपश्चिम प्रदेश, नेपाल**

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

**मिति :-** २०७९/०४/०५

## प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रगति प्रतिवेदन
आ.व. ०७८/०७९

**१. परिचय :**

ढकारी गाउँपालिकामा आ.व. ०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम, अन्तर्गत यस गाउँपालिकामा ३८२ जना बेरोजगार व्यक्तिहरु १०० दिनको रोजगारीमा संलग्न भएका थिए। कामका लागि पारिश्रमिकमा आधारित आयोजनामार्फत् २२ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत ८ गरी ३० वटा आयोजनामा रोजगारी सिर्जना भएको छ। आ.व. ०७८/०७९ को प्रगति विवरणका रुपमा यस प्रतिवेदनलाई प्रस्तुत गरिएको छ।

**२. सञ्चालित क्रियाकलाप :**

***क) रोजगार सेवा केन्द्र सुदृढीकरण :*** यस आ.व. मा रोजगार सेवा केन्द्रको सुदृढीकरणतर्फ थप टेवा पुगेको छ। गाउँपालिकामा एक महत्वपूर्ण शाखाको रुपमा रोजगार सेवा केन्द्रलाई लिइएको छ। सुदृढीकरणका लागि विभिन्न क्षेत्रसँग सम्पर्क, समन्वयलाई जोड दिइएको छ। सेवा केन्द्रबाट बेरोजगार व्यक्तिले प्राप्त गर्ने सेवा सुविधाका बारेमा प्रचारप्रसार गर्नुका साथै बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन आवश्यक कार्यक्रम कार्यान्वयन गरिएको छ।

***ख) रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास :*** यस गाउँपालिकामा रोजगारीका लागि आवेदन दिएका १७८२ जना बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत गरिएको छ र सोहीबमोजिम प्राथमिकताक्रमको आधारमा यसबर्ष ३८२ जनालाई रोजगारीमा खटाइएको छ।

***ग) आयोजनामार्फत् रोजगारी प्रबर्द्धन :*** यस वर्ष कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत प्राप्त सशर्त अनुदान रु १८२४९०००/- र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत प्राप्त सशर्त अनुदान रु ३८०००००/- गरी जम्मा २२०४९०००/- बजेट रहेको थियो। आयोजना को कार्यान्वयन गर्ने सन्दर्भमा गाउँ कार्यपालिकाबाट निर्णय गराई ३० वटा सामुदायिक आयोजनाहरु सञ्चालन गरिएका छन्। जसको विवरण निम्नानुसार छ :

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | प्रधानमन्त्री रोजगार कार्यक्रम | युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना | संलग्न श्रमिक संख्या |
|---|---|---|---|---|---|
| १ | श्री विश्वज्योति आ।बि।घेरापर्खाल निर्माण -०१ | ढकारी गाउँपालिका १ | १४८८८२२.१२ | | २७ |
| २ | सात्रोसिम हुदै भैरेगाउ गोरेटो बाटो मर्मत -०१ | ढकारी गाउँपालिका १ | | ६३४७०० | ११ |
| ३ | शोडषा देवि मन्दिर मर्मत -०१ | ढकारी गाउँपालिका १ | | ४९५७३६.४६ | ९ |
| ४ | मुलडुफा गोरेटो बाटो मर्मत -०१ | ढकारी गाउँपालिका १ | | ५१९३०० | ९ |
| ५ | डुफा रिमा गोरेटो बाटो मर्मत -०१ | ढकारी गाउँपालिका १ | | ५१९३०० | ९ |
| ६ | कालिका देवि मन्दिर घेरापर्खाल मर्मत -०१ | ढकारी गाउँपालिका १ | | ५०१५५८.२५ | ९ |
| ७ | श्री कालिका देवि आ वि घेरापर्खाल तथा शौचालय मर्मत -०१ | ढकारी गाउँपालिका १ | | ३६४५७१.०५ | ७ |
| ८ | वडा कार्यालय घेरापर्खाल निर्माण -०२ | ढकारी गाउँपालिका २ | ७८९२८६.६० | | १४ |
| ९ | श्री जाल्पा देवि आ।बि। रिठाचौका घेरापर्खाल निर्माण -०२ | ढकारी गाउँपालिका २ | १०१३८४७.६७ | | १९ |
| १० | कालसैन कुलदेवता मन्दिर तथा घेरापर्खाल निर्माण ०२ | ढकारी गाउँपालिका २ | ५०७२३७.५६ | | १० |
| ११ | वडा कार्यालय भवन निर्माण ०३ | ढकारी गाउँपालिका ३ | ७४०३६०.५३ | | १६ |

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सुर्य आ वि शौचालय तथा घेरापर्खाल निर्माण -०३ | ढकारी गाउँपालिका ३ | २८८५०० | | ५ |
| १३ | कालिका देवि मन्दिर निर्माण -०३ | ढकारी गाउँपालिका ३ | ६२४२४८.८७ | | ११ |
| १४ | शिशु सुधार आ वि धेरापर्खाल निर्माण -०३ | ढकारी गाउँपालिका ३ | ६३४७०० | | ११ |
| १५ | भराम बालविकास केन्द्र निर्माण -०४ | ढकारी गाउँपालिका ४ | ४०३९०० | | ७ |
| १६ | वडा कार्यालय भवन तथा घेरापर्खाल निर्माण -०४ | ढकारी गाउँपालिका ४ | १६०५००९.४६ | | २९ |
| १७ | दाउनामोरा गाउँ देखी घाटु गडा गोरेटो बाटो निर्माण ४ | ढकारी गाउँपालिका ४ | ४०३९०० | | ७ |
| १८ | मैका डाडा वडा कार्यालय गारेटो बाटो निर्माण-०५ | ढकारी गाउँपालिका ५ | ६९२४०० | | १२ |
| १९ | ज्ञान मन्दिर चैनपुर वडा कार्यालय गोरेटो बाटो निर्माण -०५ | ढकारी गाउँपालिका ५ | १०३८६०० | | १८ |
| २० | श्रि कालिका आ वि घेरापर्खाल निर्माण -०५ | ढकारी गाउँपालिका ५ | ७३५३२८.८४ | | १३ |
| २१ | ढुङ्गाचाल्ना स्वास्थ्यचौकि घेरा पर्खाल निर्माण -०६ | ढकारी गाउँपालिका ६ | **११५४०००** | | २० |
| २२ | वडा कार्यालय घेरा पर्खाल निर्माण -०६ | ढकारी गाउँपालिका ६ | १२५९०५०.८५ | | २३ |
| २३ | घोडाखाँद ढिल्कि गोरेटो बाटो निर्माण -०७ | ढकारी गाउँपालिका ७ | ६१९३१७.९१ | | ११ |
| २४ | टिमु डुफा गोरेटो बाटो निर्माण -०७ | ढकारी गाउँपालिका | ५७७००० | | १० |

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७ | | | |
| २५ | श्रि पशुपति नाथ जनकल्याण आ वि रुज घेरा पर्खाल निर्माण -०७ | ढकारी गाउँपालिका ७ | ५७७००० | | १० |
| २६ | शिव मन्दिर तथा घेरा पर्खाल मर्मत ढकारी -०७ रुज | ढकारी गाउँपालिका ७ | | १६१२७६.२१ | ३ |
| २७ | श्री सरस्वति आ वि घेरा पर्खाल मर्मत ढकारी -०७ | ढकारी गाउँपालिका ७ | | ५१९३०० | ९ |
| २८ | शिशुसुधार आ।वी। घेरापर्खाल निर्माण-०८ | ढकारी गाउँपालिका ८ | १०५६५७६.७३ | | २० |
| २९ | सरस्वति आ।वी।घेरापर्खाल निर्माण -०८ | ढकारी गाउँपालिका ८ | ७७८३३७.७९ | | १५ |
| ३० | विपि स्मृति आ वि घेरा पर्खाल निर्माण ०८ | ढकारी गाउँपालिका ८ | ३८७१९१.०३ | | ८ |
| | | | १,७३,७४६१५.९६ | ३७,१५७४१.९६ | ३८२ |
| जम्मा | | | २१०९०३५७.९२ | | |

सञ्चालित ३० वटा आयोजनाहरुमा ३८२ जनाले १०० दीन बराबरको रोजगारी प्राप्त गरेका छन् ।

**३. कार्यक्रम कार्यान्वयन प्रक्रिया :**

प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मन्त्रालयबाट जारी परिपत्रहरुलाई मुख्य आधारको रुपमा लिइएको छ । आयोजनाको सञ्चालन गर्दा वडास्तरबाट छनोट भएका आयोजनालाई गाउँ कार्यपालिकाबाट निर्णय गराई मन्त्रालयबाट गरिएको प्राथमिकीकरणका आधारमा सञ्चालन गरिएको छ । आयोजनाको कार्यान्वयन सम्बन्धमा नगर कार्यपालिका र स्थानीय निर्देशक समितिको बैठक बसी निर्णय गरिएको र सोही बमोजिम कार्यान्वयन गरिएको छ ।

**४. उपलब्धि :**

यस गाउँपालीकामा आ.व. ०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका उपलब्धिहरु यसप्रकार रहेका छन् :

- रोजगार सेवा केन्द्रको थप सुदृढीकरण
- रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी व्यवस्थापन
- १७८२ जना बेरोजगार व्यक्तिहरु रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकरण

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

- ३८२ जनालाई १०० दिन बराबरको रोजगारी प्रदान
- ३० वटा सामुदायिक आयोजनामार्फत् सामुदायिक विकास
- जनस्तरमा कार्यक्रमप्रतिको उत्साह अभिवृद्धि

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

**५. निष्कर्ष :**

यस आ.व.मा रोजगार सेवा केन्द्रको सबलीकरणका क्षेत्रमा केही महत्वपूर्ण प्रयासहरु भएको छ यद्यपि रोजगार व्यवस्थापन सूचना प्रणालीलाई थप व्यवस्थित गर्नु आवश्यक देखिएको छ । सेवा केन्द्रमा थप साधनस्रोत र जनशक्तिको व्यवस्थापन हुन आवश्यक छ । आयोजना सञ्चालनमा केही व्यवधानहरु देखा परेको भएपनि आयोजनाहरु शतप्रतिशत सम्पन्न भएका छन् । कार्यक्रमप्रति स्थानीय स्तरमा देखिएको उत्साहले आगामी दिनमा समेत कार्यक्रमको प्रभावकारिता हुने देखिन्छ ।

..............................

प्रेम बहादुर साउद
रोजगार संयोजक

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत